





सशस्त्र प्रहरी बल नेपाल
www.apf.gov.np

SAMARPAN
समर्पण
ए.पी.एफ. मासिक

वर्ष ४ | अङ्क ३ | पूर्णाङ्क ३९ | पृष्ठ ८ | पुस २०८२

# त्याग, बीरता र बलिदानको इतिहास, गौरवमय वर्तमानको २५ बर्षे यात्रा



**शैलेन्द्र थापा**

बम बारुद र गोलीको त्रासदीपूर्ण वातावरणलाई निस्तेज पार्दै आम नेपाली जनताको शान्ति र सुरक्षाका खातिर युद्ध मैदानमा जन्मिएर मुलुक र मुलुकवासीको रक्षार्थ रगत बगाउँदै हुर्किएको सशस्त्र प्रहरी बल नेपालले आफ्नो त्याग, बीरता र बलिदानको इतिहास, गौरवमय वर्तमानको २५ बर्षे यात्रा पूरा गरेको छ ।



देशमा शान्ति र सुरक्षा कायम गरी जनताको जिउ, धन र स्वन्त्रताको संरक्षण गर्नको लागि तत्कालीन श्री ५ को सरकारले वि.सं. २०५६ पुस २९ गते अर्द्धसैनिक संगठन स्थापना गर्ने लक्ष्य अनुरुप वि.सं. २०५६ माघ १७ गते पूर्व गृहसचिव खेमराज रेग्मीको संयोजकत्वमा "सशस्त्र प्रहरी सेवा गठन सुझाव कार्यदल-२०५६" गठन भएको थियो । कार्यदलले मुलुकको विशिष्ट सुरक्षा आवश्यकताको सूक्ष्म अध्ययन र विश्लेषण गर्दै तत्कालिन अवस्थाको विद्रोहलाई नियन्त्रण गर्नका लागि अर्द्धसैनिक बलको स्थापना अपरिहार्य रहेको निष्कर्ष र सुझावबमोजिम वि.सं. २०५७ माघ ९ गते तत्कालीन श्री ५ महाराजाधिराज बीरेन्द्र बीर विक्रम शाहदेवबाट "सशस्त्र प्रहरी अध्यादेश, २०५७" जारी भएसँगै वि.सं.२०५७ माघ ९ गते सशस्त्र प्रहरी बलको विधिवत रुपमा स्थापना भएको थियो । त्यसलगत्तै काठमाडौंको महाराजगन्जस्थित राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको परिसरमा सशस्त्र प्रहरी बलको प्रधान कार्यालय स्थापना र कृष्णमोहन श्रेष्ठलाई सशस्त्र प्रहरी महानिरीक्षकमा नियुक्त गरिएको थियो ।

सशस्त्र प्रहरी बलको ऐतिहासिक यात्रामा संगठनका सदस्यहरूले ज्यानको समेत पर्वाह नगरी अदम्य साहस र बीरता प्रदर्शन गर्दै देशमा शान्ति र स्थायित्व कायम राख्न महत्वपूर्ण योगदान पुर्‍याएका थिए । जुन भावी पुस्ताका लागि सदैव प्रेरणा एवं गौरवको रुपमा रहने छ । राष्ट्रसेवक सशस्त्र प्रहरी कर्मचारीका यस्ता योगदानहरू इतिहासको पानामा स्वर्णिम अक्षरले अङ्कित रहिरहने छ । सशस्त्र प्रहरी बलले राज्यप्रदत्त



कार्यादेशहरू प्रभावकारी ढङ्गले सम्पादन गर्दै संगठनको संरचनागत विस्तार, तालिम, जनशक्ति विकास र फौजी अनुशासनमा विशेष जोड दिंदै सशस्त्र प्रहरी बल नेपालले २५औं वर्ष पुरा गरेको छ ।











## सशस्त्र प्रहरी बल, नेपालको सञ्चालन:

१. नेपालको कुनै भागमा भएको वा हुन सक्ने सशस्त्र संघर्ष नियन्त्रण गर्ने,
२. नेपालको कुनै भागमा भएको वा हुन सक्ने सशस्त्र विद्रोह वा पृथकतावादी गतिविधि नियन्त्रण गर्ने,
३. नेपालको कुनै भागमा भएको वा हुन सक्ने आतंककारी गतिविधि नियन्त्रण गर्ने,
४. नेपालको कुनै भागमा भएको वा हुन सक्ने दंगा नियन्त्रण गर्ने,
५. नेपालको कुनै भागमा भएको वा हुन सक्ने दैवी प्रकोप र महामारीबाट पीडितको उद्धारमा सहयोग पुर्‍याउने,
६. नेपालको कुनै नागरिक वा अरु कसैलाई अपहरण गरिएमा अपहृत व्यक्तिको उद्धार गर्ने वा अरु कुनै किसिमको अपराध तथा गम्भीर अपराध घटेमा वा गम्भीर प्रकृतिको अपराध भएमा वा हुने आशंका भएमा त्यसलाई नियन्त्रण गर्ने,
७. नेपालको सीमा सुरक्षा गर्ने,
८. बाह्य आक्रमणको अवस्थामा नेपाली सेनाको मातहतमा रही सहयोग गर्ने,
९. नेपाल सरकारले तोकेको औद्योगिक, व्यापारिक क्षेत्र, संस्थान र अन्य स्थल आदिको सुरक्षा गर्ने,
१०. नेपाल सरकारले सुरक्षा दिनु पर्ने उच्चपदस्थ व्यक्ति र तोकेको संस्था आदिको सुरक्षा गर्ने,
११. [illegible] प्रचलित कानून बमोजिम [illegible] कार्यहरू गर्ने,
१२. नेपाल सरकारले समय समयमा तोके बमोजिमका अन्य कार्यहरू गर्ने ।

(सशस्त्र प्रहरी बल ऐन २०५८ को परिच्छेद २, दफा (६) को उपदफा (१) ।)

१३. नेपाल सरकार मन्त्रिपरिषद्को २०६२ असोज १९ गतेको निर्णयानुसार राजस्व, भन्सार तथा औद्योगिक सुरक्षा गर्ने।
१४. नेपाल सरकार मन्त्रिपरिषद्को २०७७ चैत १४ गतेको निर्णयानुसार रेलवे सुरक्षा गर्ने ।

# 'सकल दर्जाले मुलुकप्रति वफादार, आम जनताको सेवा, संगठनको हित, दर्जाको इज्जत र बर्दीको शान हुने गरी कार्य गर्न जरुरी छ'-सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल

## नं. २१ दक्षिणकाली गणलाई ललितपुर महानगर गौरव पुरस्कार



ललितपुर महानगरपालिकाको १०७ औं स्थापना दिवसको अवसरमा नं. २१ दक्षिणकाली गणलाई 'ललितपुर महानगर गौरव पुरस्कार' द्वारा सम्मान गरिएको छ ।

प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्री सुशीला कार्कीले पुस २ गते ललितपुर महानगरपालिका पुल्चोकस्थित महानगरपालिकाको प्रांगणमा भएको महानगरपालिकाको १०७ औं स्थापना दिवसको अवसरमा गणलाई उक्त पुरस्कार प्रदान गर्नुभएको हो । विपद् व्यवस्थापन तथा उद्धार कार्यहरूमा गणले पुऱ्याएको योगदानको कदर स्वरूप महानगरपालिकाले १ लाख रुपैयाँ नगदसहित गणका गणपति सशस्त्र प्रहरी उपरीक्षक राजेश लामिछानेलाई सम्मानपत्र प्रदान गरेको हो ।



**सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक गणेश बहादुर ठाडामगरको प्रमुख आतिथ्यमा पुस ४ गते प्रधान कार्यालयमा साईबर सेक्यूरिटी सम्बन्धी जानकारीमूलक कक्षा संचालन गरिएको छ।**

## व्यावसायिकताका साथ कार्यक्षेत्रमा लाग्न सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालको निर्देशन

पदोन्नतिसँगै थपिएको पदीय जिम्मेवारीलाई अझ बढी उत्तरदायी भई राष्ट्र र संगठनले लिएको निर्दिष्ट लक्ष्य प्राप्त गर्ने कार्यक्षेत्रमा सकारात्मक सोच र पूर्ण व्यावसायिकताका साथ लाग्न सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले निर्देशन दिनुभएको छ ।

प्रधान कार्यालयमा पुस ६ गते विभिन्न दर्जामा पदोन्नति हुनुभएका अधिकृतहरूलाई दर्ज्यानी चिन्ह प्रदान



गर्ने क्रममा महानिरीक्षक अर्यालले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वतन्त्र, विश्वसनीय, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न सशस्त्र प्रहरी कर्मचारीहरू मानसिक तथा सांगठानिक तवरमा पूर्णरूपमा तयार रहनसमेत निर्देशन दिनुभयो ।

महानिरीक्षक अर्यालले कठिन परिस्थितिमा समेत सशस्त्र प्रहरी कर्मचारीहरूले कार्यक्षेत्रमा देखाएको साहस, अनुशासन र कर्तव्यपरायणताको सराहना गर्नुहुँदै भ्रष्टाचार एवं लैंगिक हिंसामा शून्य सहनशीलता, मानवअधिकारको संरक्षण र सम्बर्द्धनमा कटिबद्ध एवं कर्तव्यपथमा पूर्ण व्यावसायिक भई आपसी भाइचारा, बन्धुत्व, सद्भाव र सहयोगी भावनाका साथ कार्यक्षेत्रमा परिचालन हुनुपर्ने उल्लेख गर्नुभयो ।

नेपाल सरकार माननीय गृहमन्त्रीस्तरको मिति २०८२ मंसिर २२ गतेको निर्णयले सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षकबाट सशस्त्र प्रहरी नायब महानिरीक्षक पदमा कृष्णराज पाठक, सशस्त्र प्रहरी उपरीक्षकबाट सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक पदमा समिककुमार महर्जन र प्राविधिक सशस्त्र प्रहरी उपरीक्षकबाट प्राविधिक सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक पदमा डा. प्रवीण नेपाल बढुवा हुनुभएको हो । त्यसैगरी अवकाशपूर्व सशस्त्र प्रहरी निरीक्षकमा समेत दुई जना अधिकृतहरू विशेष बढुवा हुनुभएको छ । कार्यक्रममा सशस्त्र प्रहरी परिवार महिला संघकी अध्यक्ष श्रीमती अनिता लामिछाने अर्याल, सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकहरू नारायणदत्त पौडेल, बंशीराज दाहाल र गणेशबहादुर ठाडा मगरलगायत सशस्त्र प्रहरी नायव महानिरीक्षकहरू, सिनियर तथा जुनियर अधिकृत र बिल्लादार जवानहरूको समेत उपस्थिति रहेको थियो ।

## सशस्त्र प्रहरी दिवसको अवसरमा पूर्व-पश्चिम झण्डा मार्च



२५औं सशस्त्र प्रहरी दिवस २०८२ (रजत महोत्सव) को अवसरमा पुस २० गतेदेखि झापा जिल्लाको मेची पुल तथा कञ्चनपुर जिल्लाको गड्डाचौकी सीमा इलाकाबाट पूर्व-पश्चिम झण्डा मार्च कार्यक्रम सुरु भएको छ ।

झापा जिल्लाको मेचीनगर नगरपालिका-६ मेची पुलस्थित सीमा इलाकाबाट पुस २० गते बिहान झापा जिल्लाको प्रमुख जिल्ला अधिकारी शिवराम गेलाल र नं. १ बराह बाहिनी मुख्यालय सुनसरीका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक कुमार न्यौपानेले मार्च टोलीलाई झण्डा हस्तान्तरण गर्नुभएको थियो ।




त्यसैगरी कञ्चनपुर जिल्लाको भीमदत्त नगरपालिका-११ गड्डाचौकी सीमा इलाकाबाट पुस २० गते बिहान कञ्चनपुर जिल्लाको प्रमुख जिल्ला अधिकारी मदन कोइराला र नं. ७ बैद्यनाथ बाहिनी मुख्यालय कैलालीका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक प्रदीपकुमार पालले मार्च टोलीलाई झण्डा हस्तान्तरण गरी सो कार्यक्रम सुरु गरिएको थियो । सशस्त्र प्रहरी बल नेपालको सीमा सुरक्षाको प्रतिबद्धता, सतर्कता र उपस्थिति सशक्त रूपमा प्रदर्शन गर्न, संगठनभित्रको समन्वय, सामूहिक भावना सुदृढ र सीमावर्ती क्षेत्रका नागरिक, स्थानीय तह तथा सरोकारवाला निकायसँग जनसम्पर्क, विश्वास र सहकार्य अभिवृद्धि गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

नेपालको राष्ट्रिय झण्डा र सशस्त्र प्रहरी बल नेपालको झण्डासहित मार्च गर्ने टोली एक जिल्लाबाट अर्को जिल्लामा रहेको सशस्त्र प्रहरी कर्मचारीलाई सो झण्डा हस्तान्तरण गर्नेछ । सशस्त्र प्रहरी बल नेपालले २५औं वर्षको ऐतिहासिक अवसरलाई स्मरणीय बनाउने तथा देशभर राष्ट्रव्यापी सन्देश फैलाउने उद्देश्यकासाथ पूर्व-पश्चिम झण्डा मार्च गर्न लागिएको हो । झण्डा मार्चले सशस्त्र प्रहरी बल नेपालको इतिहास, योगदान र सीमा सुरक्षाको भूमिका झल्काउने विश्वाससमेत गरिएको छ । मेची र महाकालीबाट हिंडेको मार्च टोली आगामी माघ ११ गते पर्सा जिल्लामा रहेको सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोस्ट ठोरीमा भेट भई सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालको उपस्थितिमा सो कार्यक्रम समापन गरिने भएको छ ।

## स्थापना दिवस

### नं २८ गण कपिलबस्तु



नं २८ गण कपिलवस्तुको १९औं स्थापना दिवस नं. ५ विन्ध्यवासिनी बाहिनी मुख्यालय रुपन्देहीका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक दीपेन्द्र कुंवरको प्रमुख आतिथ्यमा पुस १५ गते सम्पन्न भएको छ ।

सो कार्यक्रममा कपिलवस्तु जिल्लास्थित स्थानीय तहका प्रमुखहरू, जिल्ला सुरक्षा समितिका पदाधिकारीहरूको उपस्थिती रहेको थियो ।

### नं. ३७ गुल्म गुल्मी



नं. ३७ गुल्म गुल्मीको १२औं स्थापना दिवस सीमा सुरक्षा तालिम शिक्षालय बर्दघाटका समादेशक सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक तीर्थराज पौडेलको प्रमुख आतिथ्यमा पुस ५ गते सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी, सहायक प्रमुख जिल्ला अधिकारी, जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरू, सरकारी कार्यालयका प्रमुखहरू, नं. ३५ गुल्म पाल्पाका गुल्मपति, रेसुंगा नगरपालिका १२ र १३ का वडाध्यक्ष, स्थानीय भद्रभलादमी, पत्रकार, अमर सशस्त्र प्रहरी कर्मचारीका आश्रित परिवारजन, अवकाशप्राप्त सशस्त्र प्रहरी कर्मचारीहरूको उपस्थिती रहेको थियो ।

# २५औं सशस्त्र प्रहरी दिवस २०८२ (रजत महोत्सव) को अवसरमा गरिएका बिबिध कार्यक्रम

## मैत्रीपूर्ण फुटबल प्रतियोगिता



२५औं सशस्त्र प्रहरी दिवस २०८२ (रजत महोत्सव) को अवसरमा सशस्त्र प्रहरी अधिकृत र संचारकर्मीबीच पुस २६ गते मैत्रीपूर्ण फुटबल प्रतियोगिता सम्पन्न भएको छ।

प्रधान कार्यालयस्थित एपीएफ रंगशालामा सम्पन्न खेलमा सशस्त्र प्रहरी बल नेपालको तर्फबाट सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले टिमको कप्तानी गर्नुभएको थियो भने संचारकर्मीको तर्फबाट दीपक रिजालले टिम कप्तानी गर्नुभएको थियो।



२५औं सशस्त्र प्रहरी दिवस २०८२ (रजत महोत्सव) को अवसरमा नं. १५ गण काभ्रेले चौरीदेउराली गाउँपालिका-५ स्थित विरुवा टोलमा रोटरी धारा, चौतारी र प्रतिक्षालय निर्माण गरी हस्तान्तरण गरेको छ।



२५औं सशस्त्र प्रहरी दिवस २०८२ (रजत महोत्सव) को अवसरमा नं. ३० बागेश्वरी गण बाँकेले खजुरा गाउँपालिका-७ स्थित सुशिल कोईराला प्रखर क्यान्सर अस्पतालमा उपचारत ७० जना विरामीहरुलाई फलफूल वितरण गरेको छ।



२५औं सशस्त्र प्रहरी दिवस २०८२ (रजत महोत्सव) को अवसरमा नं.७ वैद्यनाथ वाहिनी मुख्यालय कैलालीले गोदावरी नगरपालिका ४ गोदावरीस्थित गोदावरीधाम तथा मन्दिर परिसर सरसफाई गरेको छ।



नं. १ श्रीअन्तु गण इलामको आयोजनामा इलाम नगरपालिका-७ स्थित श्री आदर्श माध्यमिक विद्यालयमा अध्ययनरत छात्रछात्राहरु र युवा रेडक्रस आदर्श माध्यमिक विद्यालयका सदस्यहरुसहितको टोलीलाई पुस १४ गते आगलागी नियन्त्रण सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गरिएको छ।

## स्वास्थ्य शिविर



२५औँ सशस्त्र प्रहरी दिवस २०८२ (रजत महोत्सव) को अवसरमा पुस ७ देखि १७ गतेसम्म नं. ७ वैद्यनाथ बाहिनी मुख्यालय तथा एपीएफ फिल्ड अस्पताल कैलालीले दार्चुलाको छांगरु र मालघाट, बझाङको नौरा तथा बाजुराको छेडेदहमा नि:शुल्क स्वस्थ्य शिविर सञ्चालन गरेको छ।



यसैगरी स्याङ्जा जिल्लाको वालिङ नगरपालिका-५ जगतभञ्ज्याङस्थित प्राथमिक स्वास्थ्य चौकीमा १ दिने स्वास्थ्य शिविर सञ्चालन गरिएको छ।

सोही नगरपालिका तथा नं.३० गुल्म स्याङ्जा र फिल्ड अस्पताल कास्की पोखराको संयुक्त सहकार्यमा उक्त अस्पतालबाट खटिएको दक्ष चिकित्सकको टोलीले २ सय ५० जना स्थानीय व्यक्तिलाई आँखा, छाला, सुगर, प्रेसरलगायत अन्य स्वास्थ्य जांच गरेको थियो।

धादिङ जिल्लाको सिद्धलेक गाउँपालिका-३ सलाङस्थित इटपानीमा पुस १९ गते धादिङ गुल्मले नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गर्नुका साथै लत्ताकपडा तथा शैक्षिक सामाग्री समेत वितरण गरेको छ।



२५औँ सशस्त्र प्रहरी दिवस २०८२ (रजत महोत्सव) को अवसरमा पुस १९ गते नं. ६ महेश्वरी बाहिनी मुख्यालय तथा एपीएफ फिल्ड अस्पताल सुर्खेतले वीरेन्द्रनगर नगरपालिका-३ स्थित प्रशान्ति वृद्धाश्रममा खाद्यान्न वितरण गर्नुका साथै नि:शुल्क स्वास्थ्य जाँच तथा औषधी वितरण गरेको छ।



## निबन्ध लेखन प्रतियोगिता



२५ औं सशस्त्र प्रहरी दिवस २०८२ (रजत महोत्सव) को अवसरमा नं.२५ चण्डिका गण पर्वतले पुस २० गते कुश्मा नगरपालिका-४ स्थित नारायण माध्यमिक विद्यालयमा १८ जना विद्यार्थीहरुलाई "लागुऔषध, सीमा सुरक्षा र युवा" विषयमा निबन्ध लेखन प्रतियोगिता कार्यक्रम संचालन गरी उत्कृष्ट हुने ३ जना विद्यार्थीहरुलाई पुरस्कार वितरण गरेको छ। साथै गणले स्कूलका विद्यार्थीहरुका लागि विपद् व्यवस्थापन सम्बन्धी जनचेतनामूलक कार्यक्रम समेत संचालन गरेको थियो।



यसैगरी नं.६ महेश्वरी बाहिनी मुख्यालय सुर्खेतको आयोजनामा २५औं सशस्त्र प्रहरी दिवस २०८२ (रजत महोत्सव) को अवसरमा पुस २४ गते सुर्खेत जिल्लाको वीरेन्द्रनगर नगरपालिका-४ स्थित भैरव माध्यामिक विद्यालयमा खेलकुदका सामाग्री वितरण गरेको छ। सोही अवसरमा फिल्ड अस्पताल सुर्खेतका दक्ष चिकित्सकसहितको टोलीले लागुऔषध दुर्व्यसनी, प्राथमिक उपचार सम्बन्धी जनचेतनामुलक कक्षा समेत संचालन गरेको थियो।



धनुषा जिल्लाको सबैला र गणेशमान चारनाथ नगरपालिकाका विपन्न परिवारलाई कम्बल वितरण गर्दै सीमा सुरक्षा गुल्म मैनाथपुर।

## प्रधान कार्यालय परिसरमा केन्द्रिय शैलुन



प्रधान कार्यालय हलचोक स्वयम्भू परिसरमा सशस्त्र प्रहरी बल केन्द्रीय सैलुनको निर्माण गरिएको छ । सिनियर अधिकृत, जुनियर अधिकृत, बिल्लावार जवान तथा महिला सशस्त्र प्रहरी कर्मचारीहरुको लागि सो स्थानबाट सेवा प्रदान गर्न उक्त केन्द्रिय सैलुनको निर्माण गरिएको हो ।



नेपाल-चीन सीमा इलाकामा चीनिया समकक्षीसँग संयुक्त गस्ती गर्दै बीओपि हिल्साको सुरक्षा फौज ।

## घर निर्माण



२५ औं सशस्त्र प्रहरी दिवस २०८२ (रजत महोत्सव) को अवसर पारेर पाँचथर जिल्लाको फिदिम नगरपालिका-१० याङनाम निवासी पुर्णबहादुर आङबो अति बिपन्न र अशक्त भएको कारण निजको घर निर्माणका लागि पाँचथर जनसेवा समाज र नं. २ गुल्म. पाँचथरको सहकार्यमा घर निर्माण गरी हस्तान्तरण गरेको छ ।

## सीमावासीसँग सशस्त्र प्रहरी कार्यक्रम

### केश कर्तक तालिम

सीमावासीसँग सशस्त्र प्रहरी कार्यक्रम अन्तर्गत नं. १ श्रीअन्तु गुल्म इलामले सूर्योदय नगरपालिका-५ स्थित बोर्डर आउट पोस्ट समालबुङमा पुस ११ गतेदेखि १० दिने केश कर्तक तालिम सञ्चालन गरेको छ ।



सीमावासीसँग सशस्त्र प्रहरी कार्यक्रम अन्तर्गत सीमा इलाकाका बासिन्दाहरु सहभागी गराई बीओपी त्रिवेणी नवलपरासीले १४ गतेदेखि २५ गतेसम्म केश कर्तक तालिम सञ्चालन गरेको थियो ।




### अन्तरक्रिया कार्यक्रम

कञ्चनपुर जिल्लाको दोधाराचाँदनी नगरपालिका-७ कञ्चभोज स्थित दिपज्योती सामुदायिक बनको खुल्ला चौरमा स्थानिय सीमाबासीहरु बिओपी कञ्जभोजले पुस ११ गते सीमामा हुने अपराधिक घट्ना तथा रोकथाम र समाधानका उपाय सम्बन्धी अन्तरक्रिया कार्यक्रम संचालन गरेको छ ।





पर्सा जिल्लाको ठोरी गा.पा.-४ मालिबस्ति सीमा इलाकामा स्थानीय व्यक्तिहरुलाई सीमा इलाकाबाट हुन सक्ने अवैध गतिबिधि, जंगली जनावारहरुको आक्रमणबाट मानविय क्षति र निराकरणको उपायहरु तथा रोहिंग्या शरणार्थीहरुको अवैध घुसपैठ सम्बन्धमा जनचेतनामूलक कार्यक्रम संचालन गरेको ।

# स.प्र.बल, नेपाल इकाई परिचय

## नं. १४ गण मकवानपुर

मकवानपुर जिल्लामा शान्ति सुरक्षा अमन चयन कायम गर्नका लागि २०६७ साल बैशाख २६ गते मकवानपुर जिल्लाको हेटौंडा उपमहानगरपालिका-८ करास्थित सशस्त्र प्रहरी बल, नेपाल जिल्ला सुरक्षा बेसको रुपमा स्थापना भई कार्य गर्दै आइरहेकोमा नेपाल सरकार मन्त्रिपरिषद्को २०७५ साल जेष्ठ २७ गतेको निर्णयले सशस्त्र प्रहरी बल, नेपालको नयाँ संरचना स्वीकृत पश्चात् सशस्त्र प्रहरी बल, नेपाल नं. १४ गण हे.क्वा. मकवानपुरको नामाकरण भई २०७५ साल चैत्र १८ गते बाट हेटौंडा औद्योगिक क्षेत्रमा रहेको हेटौंडा कपडा उद्योगको प्रशासनिक भवनलाई प्रयोगमा ल्याई कार्य संचालन गर्दै आईरहेको छ । हाल यो गण जिल्ला मकवानपुर हेटौंडा उपमहानगरपालिका-८ देवनगर स्थित ४-०-३ बिगाहा जग्गा प्राप्त गरी स्थानान्तरणको प्रकृयामा रहेको छ ।

गणको सीमाना पूर्वमा ललितपुर, काभ्रे, सिन्धुली, पश्चिममा चितवन, उत्तरमा धादिङ र काठमाण्डौं, दक्षिणमा बारा, पर्सा र रौतहट जिल्ला रहेको छ ।




गण मातहत १ वटा गुल्म, २ वटा विपद् व्यवस्थापन बेस, १ वटा कारागार सुरक्षा बेस, १ वटा बीओपी र १ वटा सुरक्षा बेस तैनाथी रहेको छ । गण तथा मातहत इकाईहरुले आन्तरिक सुरक्षा, औद्योगिक सुरक्षा, महत्वपूर्ण प्रतिष्ठानको सुरक्षा, विशिष्ट व्यक्ति तथा सीमा सुरक्षा, विपद् व्यवस्थापन, कारागार सुरक्षा, राजश्व चुहावट नियन्त्रण, लागूऔषध नियन्त्रण, अन्य सुरक्षा निकायसँग समन्वय र सहकार्य गरी महत्वपूर्ण कार्यहरु गर्दै आईरहेको छ ।



**सप्रउ सन्तोष बिक्रम शाह**
**गणपति**

### हालसम्मका गणपतिहरु

| सि.नं. | दर्जा | नामथर | कार्यरत | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| १. | सप्रउ | ईन्द्रराज कार्की | २०७५/०६/०४ | २०७५/१०/२० |
| २. | सप्रउ | श्याम कोईराला | २०७५/१०/२१ | २०७६/०४/१६ |
| ३. | सप्रउ | विकास घिमिरे | २०७६/०४/१७ | २०७७/०४/१६ |
| ४. | सप्रउ | निरकृष्ण अधिकारी | २०७७/०४/१६ | २०७८/०९/०८ |
| ५. | सप्रउ | नेत्रबहादुर कार्की | २०७८/१०/०३ | २०७९/१०/१६ |
| ६. | सप्रउ | अनिल कार्की | २०७९/१०/१६ | २०८०/११/०५ |
| ७. | सप्रउ | ज्ञानप्रसाद भुर्तेल | २०८०/११/०६ | २०८१/१०/२९ |
| ८. | सप्रउ | सन्तोष बिक्रम शाह | २०८१/१०/२९ | हालसम्म |







## जनचेतनामूलक कार्यक्रम



कैलाली जिल्लाको गोदावरी नगरपालिका-१ स्थित दुर्गालक्ष्मी उच्च माध्यमिक विद्यालयमा आगलागी सुरक्षा सम्बन्धी सचेतनामुलक कक्षा संचालन गर्दै नं.७ बैधनाथ वाहिनी मुख्यालयको सुरक्षा फौज ।



ईलाम जिल्लाको चुलाचुली गाउँपालिका-२ बाह्रगोठेस्थित श्री जनता माध्यमिक विद्यालयमा लागूऔषध नियन्त्रण सम्बन्धी सचेतनामूलक कक्षा संचालन गर्दै पाथिभरा जवान तालिम शिक्षालय झापा ।



२८औं भूकम्प दिवसको अवसरमा नं. २४ कालिका गण कास्कीले पोखरा महानगरपालिका-८ सिमलचौरस्थित जनप्रिय माध्यमिक विद्यालयमा भूकम्प सुरक्षा सम्बन्धी सचेतनामूलक कक्षा संचालन भएको छ ।



पाल्पा जिल्लाको निस्दी गाउँपालिका-४ मित्यालस्थित श्री गौरीशंकर माध्यमिक विद्यालय र तानसेन नगरपालिका-९ दमकडास्थित श्री दमकडा नमुना माध्यमिक विद्यालयमा आगलागी सम्बन्धी सचेतनामूलक कक्षा संचालन गर्दै नं. ३५ गुल्म पाल्पाको सुरक्षा फौज ।



नं ६ महेश्वरी वाहिनी मुख्यालय सुर्खेत तथा मातहत कार्यालयहरुले स्थानिय विद्यालयहरुमा लागुऔषध दुर्व्यसनी सम्बन्धी सचेतनामुलक सडक नाटक प्रर्दशन गरेको छ ।



काठमाडौंको भयाली एकेडेमी स्कुलमा आगलागी सम्बन्धी जनचेतनामूलक कक्षा संचालन गर्दै नं. १९ बगलामुखी विशेष कार्यदल गणको सुरक्षा फौज ।

## केवुलकार आपतकालिन उद्धार अभ्यास





कास्की जिल्लाको पोखरा महानगरपालिका-१८ साराङकोटस्थित सिमतालमा पुस २५ गते केवुलकार आपतकालिन उद्धार अभ्यास सम्पन्न भएको छ ।

नं. २४ कालिका गण कास्की र अन्नपूर्ण केवलकार प्रालि लिमिटेडको सहकार्यमा केवलकार आपतकालिन उद्धार अभ्यास गरिएको हो ।

केवलकार संचालनको क्रममा आईपर्नसक्ने सम्भावित आपतकालीन अवस्थाहरुमा यात्रुहरुको जीवन तथा सुरक्षालाई प्राथमिकतामा राखी कसरी सुरक्षित, छिटो र प्रभावकारी उद्धार गर्न सकिन्छ भन्ने अभिप्रायकासाथ उद्धार अभ्यास संचालन गरिएको हो । पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यको प्रमुख आतिथ्यमा सम्पन्न भएको सो अभ्यास कार्यक्रममा माछी गाउँपालिकाका अध्यक्ष देवीजंग गुरुङ, कास्की जिल्लाका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मा, नं. ४ मुक्तिनाथ बाहिनी मुख्यालय कास्कीका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक दीपेन्द्र शाह लगायत जिल्लास्थित सुरक्षा निकायका प्रमुख, विभिन्न संघसंस्थाका पदाधिकारी, स्थानीय भद्रभलाद्मी तथा संचारकर्मीहरुको समेत उपस्थिती रहेको थियो । कार्यक्रममा पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले सशस्त्र प्रहरी बल नेपालले खोज तथा उद्धार कार्यमा गरेको कार्यको मुक्तकण्ठले प्रशंसा समेत गर्नुभएको थियो ।



प्युठान नगरपालिका-३ जुम्लीस्थित प्युठान भालुवाङ्ग सडकखण्डमा प्युठान गुल्मले सडक दुर्घटना उद्धार सम्बन्धी कृतिम घटना अभ्यास संचालन गरेको छ ।

## समुदाय विपद् स्वयंसेवक तालिम



झापा जिल्लाको मेचीनगर नगरपालिकाको सभाहलमा पुस ९ गतेदेखि समुदाय विपद् स्वयंसेवक तालिम सञ्चालन भएको छ । नं. २ गण झापाको आयोजना र मेचीनगर नगरपालिकाको सहकार्यमा सो तालिम सञ्चालन गरिएको हो ।

मेचीनगर नगरपालिकाका नगर प्रमुख गोपालचन्द्र बुढाथोकीको प्रमुख आतिथ्यमा सञ्चालन गरिएको तालिममा झापा जिल्लाका प्रमुख जिल्ला अधिकारी तथा विपद् व्यवस्थापन समितिका अध्यक्ष शिवराज गेलाल, नं. १ बराह बाहिनी मुख्यालयका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक कुमार न्यौपानेलगायत विभिन्न संघसंस्थाका पदाधिकारी, स्थानीय भद्रभलाद्मी तथा जनप्रतिनिधिहरूको समेत उपस्थिति रहेको थियो । १८ दिन अवधिको सो तालिममा मेचीनगर नगरपालिकाका नगर प्रहरी तथा जनप्रतिनिधि गरी १८ जनाको सहभागिता रहेको थियो ।



नं. ३१ गुल्म पूर्वी नवलपरासीको आयोजना तथा विनयी त्रिवेणी गाउँपालिकाको सहकार्यमा पुस २० गते देखि 'समुदायस्तर विपद् स्वयंसेवक तालिम' सञ्चालन गरेको छ । प्रमुख जिल्ला अधिकारी भवेश्वर पाण्डेको प्रमुख आतिथ्यमा सञ्चालन भएको उक्त तालिममा ६५ जना प्रशिक्षार्थीहरुको सहभागिता रहेको छ ।

## Peace and Development Fair मा उद्धार समाग्री प्रदर्शन



Peace and Development Fair २०२५ कार्यक्रममा नं. २० गण (विपद् उद्धार) काठमाडौंले CSSR / Fire Fighting को छुट्टाछुट्टै स्टल बनाई उद्धार सामाग्रीहरु प्रदर्शन गरेको छन् ।

पुस १३ देखि १५ गतेसम्म काठमाडौं कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको परिसरमा नेपालमा शान्ति र विकासका लागि योगदान पुर्‍याउँदै आएका विभिन्न निकायहरुका शान्ति सम्बन्धी गतिविधिलाई आम जनमानस समक्ष पुर्‍याउने उद्देश्यले संचालित ३ दिने कार्यक्रममा विपद् व्यवस्थापन तालिम प्राप्त कर्मचारीहरुले उद्धार समाग्री प्रदर्शन गरेका थिए ।

## रक्तदान





पर्वत जिल्लाको कुस्मा नगरपालिका-१२ ठुलीपोखरी बस्ने २० वर्षीया मनीषा कुँवर बिरामी भई प्रदेश अस्पताल पर्वतमा उपचाररत रहेकोमा उनलाई रगत आवश्यक परेको भनि नं. २५ गण चण्डिका पर्वतमा खबर प्राप्त भएपश्चात गणमा कार्यरत सशस्त्र प्रहरी जवान रूपेन्द्र गैह्रेले पुस १८ गते नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा पर्वतमा गई रक्तदान गरेको छ।

यसैगरी पश्चिम नवलपरासी जिल्लाको रामग्राम नगरपालिका-५ परासीस्थित नेपाल रेडक्रस सोसाइटीले आयोजना गरेको रक्तदान कार्यक्रममा नं २६ गण पश्चिम नवलपरासीका कर्मचारीहरुले रक्तदान गरेका छन्।

## होर्डिङ बोर्ड




पुस १५ गते नं २७ गण रुपन्देहीले सिद्धार्थनगर नगरपालिका-१ बेलहिया, लुम्बिनी सांस्कृतिक नगरपालिका-१३ र रोहिणी गाउँपालिका-२ स्थित सीमा नाकामा सीमा क्षेत्रमा लागूऔषधको प्रयोग तथा ओसारपसार सम्बन्धमा भएको नेपाल र भारतको कानुनी व्यवस्था सम्बन्धी जनचेतनामुलक होर्डिङ बोर्ड राखेको छ।

बिओपी पचुइले पुस १७ गते २५ औं सशस्त्र प्रहरी दिवस २०८२" को उपलक्ष्यमा कन्चनपुर जिल्लाको बेलौरी नगरपालिका-९ दिपाबाट सीमा ईलाकामा लागुऔषध प्रयोग तथा ओसार पसार संम्बन्धमा भएको कानुनी व्यवस्था उल्लेख भएको होर्डिङ बोर्ड लगाएको छ ।

## मानसिक स्वास्थ्य सम्बन्धी कक्षा संचालन



नं. १६ गण सिन्धुपाल्चोकको समन्वयमा पुस १२ देखि १४ गतेसम्म प्रमुख प्रशिक्षकको रुपमा त्रिभुवन विश्व विद्यालय Counseling Psychological Department का लेक्चरर तथा Psychotherapy and Integrated Counseling Services (PICS) Nepal को Founder Director नविन जोशी र Assistant Counseling मैयां दाहालबाट सोही गणमा कार्यरत ६० जना सशस्त्र प्रहरी कर्मचारीहरुलाई मानसिक स्वास्थ्य सम्बन्धी कक्षा संचालन गरिएको छ ।

## कविता

### देश र जनताको सुरक्षा गर्न चुक्दैन-झुक्दैन सशस्त्र प्रहरी



सशस्त्र प्रहरी वरिष्ठ हवल्दार
**दोर्णबहादुर कुँवर**

मूल मन्त्र हो हाम्रो शान्ति सुरक्षा प्रतिबद्धता
पक्षपातरहित द्वेष भाव राख्दैनौं कसैमा
गर्छौं सुरक्षा कटिबद्धताका साथ ॥

ड्युटी छ हाम्रो पूर्व मेचीदेखि पश्चिम महाकाली सीमा रक्षासम्म
लगाएको वर्दी, भिरेको बन्दुक, थकान मान्दैनौ हामी
प्रतिकूल मौसमले चुनौती दिएसम्म सशस्त्र प्रहरी बल हाम्रो सशस्त्र प्रहरी हामी
गर्छौं ड्युटी इमानदारी र बफादारी
आपराधिक कार्य मौलाउन दिने छैनौं छ हाम्रो खबरदारी ॥

खट्छौं हामी गर्छौं ड्युटी, असीमित आवश्यकताहरूलाई थाती राखी
चुक्दैनौं हामी, झुक्न दिने छैनौं, स्वाभिमान र प्रतिष्ठा राख्छौं देशको माथि ॥

अपराधी सलबलाउने छैनन्, देशद्रोही माथि छ हाम्रो सधैं खबरदारी
सीमा स्तम्भको सुरक्षा हाम्रो मित्र राष्ट्रप्रति छ मित्रभाव सधैं बराबरी ॥

नेपाली मन मुटुमा र नेपालको जगतमा छ सशस्त्र प्रहरीको शान्ति सुरक्षामा आकर्षक नमुना
२५ औं रजत वर्ष प्रवेश, वर्षको शुभ आगमनमा प्रवेश वर्षको एपीएफलाई छ शुभकामना ॥

गर्छौं ड्युटी सशस्त्र प्रहरी हामी उपत्यका, तराईदेखि हिमाल
२५ औं वर्ष प्रवेशमा एफीएफलाई शुभकामना छ सबैमा

## समर्पण एपीएफ मासिकको लागि

लेख रचना, युनिटले गरेका कामकारवाही, पक्राउ, बरामद, उद्धार
तथा
अन्य सामाग्री पठाउन स.प्र. बल, नेपाल प्र.का. सूचना शाखा

**इमेल** : infosec.secretariat@gmail.com, **फोन** : ०१-५२४९००६

## ३३औं त्रिवेणी कप राष्ट्रब्यापी खुल्ला फुटबल

३३औं त्रिवेणी कप राष्ट्रब्यापी खुल्ला फुटबल प्रतियोगिताको उपाधी नेपाल एपिएफ क्लबले जितेको छ। नेपाल एपीएफ क्लबको पुरुष फुटबल टिमले लाइट्रीदेवी फुटबल क्लब नाल्मालाई २-० ले पराजित गरी जित हासिल गरेको हो। जितेसँगै नेपाल एपिएफ क्लबले नगद १२ लाख रुपैयाँसहित ट्रफि समेत हात पारेको छ।






पुस ५ गते भारतको जिल्ला महाराजगंज बर्गदवा ग्रामपंचायत बर्गदवास्थित सशस्त्र सीमा बल बर्गदवा र सीमा सुरक्षा गुल्म हरपुर पश्चिम नवलपरासीबीच मैत्रीपूर्ण भलिबल प्रतियोगीता सम्पन्न भएको छ।



पुस १० गते बीओपी बयरघाट रुपन्देही र भारतिय सशस्त्र सीमा बल (SSB) ककरहवाले नेपालतर्फ रुपन्देही जिल्लाको लुम्बिनी सास्कृतिक नगरपालिका-१३ ओडौलिया र भारततर्फ जिल्ला सिद्धार्थनगर दुल्हाहा ग्राम पन्चायत ३ सुमाली ककरहवा इलाकामा संयुक्त गस्ती गरेको छ।



पर्सा जिल्लाको वीरगंज महानगरपालिका-१६ ईनर्वादेखि ठोरी गाउँपालिका-२ ठोरीसम्मको सीमा ईलाकामा सीमा पैदल गस्ती गर्दै बिओपी ठोरीको सुरक्षा फौज।

## हराएका बालबालिका फेला



पुस ६ गतेदेखि सप्तरीको तिरहुबाट हराइरहेका चार जना बालबालिकालाई पुस ७ गते सोमबार सशस्त्र प्रहरीले फेला पारेको छ। उनीहरुलाई सुरक्षा बेस भारदहको सुरक्षा फौजले सप्तरी जिल्लाको हनुमाननगर कंकालिनीमाई नगरपालिका-१ कोशी ब्यारेजबाट फेला पारेको हो ।

उनीहरूलाई गस्तीमा रहेको सुरक्षा फौजले शंका लागि सोधपुछ गर्दा आफ्नो घर ठेगाना तथा कहाँ केको लागि जान हिंडेको भन्ने समेत खुलाउन नसकेपछि नियन्त्रणमा लिइएको थियो। आफूखुसी घरबाट हिंडेको र अलपत्र अवस्थामा फेला परेका बालबालिकाहरूलाई नेपाल प्रहरी, स्थानीय जनप्रतिनिधि तथा स्थानीय बासिन्दाको रोहबरमा उनीहरुका अभिभावकको जिम्मा लगाई पठाइएको छ। उनीहरूलाई कसैले ललाई फकाई गरेर ल्याएको हुनसक्ने अनुमान गरिएको छ।

■ **प्रकाशक: सशस्त्र प्रहरी बल, नेपाल** ■ **प्रकाशन समिति:** सप्रउ आनन्द थापा मगर (संयोजक), सदस्यहरु: प्रा.सप्रनाउ ई.सौरभ राज वन्त, सप्रनाउ शैलेन्द्र थापा, सप्रनि दिल कुमार श्रेष्ठ
**कम्प्युटर लेआउट:** सप्रसनि मनोज कुँवर, **कम्प्युटर अपरेटर:** सप्रबह रामशरण न्यौपाने, सप्रह मिनबहादुर हौजाली मगर, **तस्वीर:** छापाखाना, फोटोग्राफी तथा श्रव्यदृश्य शाखा र मातहत इकाई